जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

व.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक २६ २०८१ साल माघ २७ गते आइतवार (9 Feb. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र – पृष्ठ २ मा : इ-रिक्सा र अटोरिक्साले अनिवार्य ... पृष्ठ ३ मा : नेपाल चिकित्सा शिक्षा ... पृष्ठ ४ मा : प्रहरीमाथि निजामती ... पृष्ठ ५ मा : मत्स्य मन्त्रालयको स्थापना ...

# तीन महिनाको अवधीमा तीन हजार १ सय १२ किलो गाँजा बरामद




**राजविराज**/सप्तरी प्रहरीले पुनः ठूलो परिमाणमा लागु औषध गाजा बरामद गरेको छ। प्रहरीले विगत तीन महिनाको अवधीमा पटक-पटक गरि तीन हजार १ सय १२ किलो गाँजा बरामद गरेको हो ।

पछिल्लो पटक प्रहरीले जिल्लाको बोदेबरसाइन नगरपालिका ३ स्थित हुलाकी राजमार्गबाट ७ सय २६ केजी गाँजा बरामद गरेको छ। बिहुल पुलभन्दा एक सय मिटर पूर्वतर्फ प्र.१-०२-००२ च ५८३८ नम्बरको स्कारपियोबाट शनिबार बिहान उक्त

बाँकी दुई पृष्ठमा

# संघीयता, लोकतन्त्र गणतन्त्र ल्याउनमा सञ्चारकर्मीहरूको भूमिका महत्वपूर्ण : मन्त्री लेखी




**राजविराज**/मधेश प्रदेश सरकारका गृह, कानुन तथा संचार मन्त्री राजकुमार लेखीले संघीयता, लोकतन्त्र गणतन्त्र ल्याउनमा सञ्चारकर्मीहरूको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।

प्रेस चौतारी नेपाल सप्तरीको ८ औं अधिबेशनलाई शनिबार सम्बोधन गर्दै उनले सो समयमा संचारकर्मीहरुले खेलेको भूमिकाको तुलनामा अहिलेको भूमिका अलिकति कमजोर भएको समेत बताए ।

मन्त्री लेखीले संचारकर्मीहरुका लागि प्रदेश सरकारको तर्फबाट केही प्रयासहरु गरिरहेको उल्लेख गर्दै आगामी दिनमा तीनै तहका सरकारको कमिकमजोरीलाई समेत आफ्नो संचारमाध्यमबाट उठानका लागि आग्रह गरे ।

अधिबेशनलाई सम्बोधन गर्दै नेकपा एमालेका पोलिटब्युरो सदस्य एवम् सप्तरी इन्चार्ज सुमनराज प्याकुरेलले प्रेस चौतारीमा रहेका पत्रकारहरुले इमानदार र अनुशासित भएर काम गर्नु पर्नेमा जोड दिए ।

उनले पत्रकारहरुले सरकारले गरेको राम्रो कामको बारेमा समाचार सम्प्रेषण गर्नु पर्ने र नराम्रो कामको भण्डाफोर गरि जनतालाई जानकारी गराउन आवश्यक रहेको बताए ।

चौतारीका जिल्ला अध्यक्ष डम्बर राइको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा नेपाल पत्रकार महासंघ मधेस प्रदेशका उपाध्यक्ष अम्बिका दाहाल, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, प्रेस चौतारी नेपालका पुर्व केन्द्रिय उपाध्यक्ष मनोहर

बाँकी अन्तिम पृष्ठमा

# पेशागत हकहितका लागि कर्मचारीहरुको ट्रेड युनियन आवश्यक



**राजविराज**/प्रतिनिधिसभा सदस्य दिनेशकुमार यादवले कर्मचारीहरुको पेशागत हकहितका लागि नयाँ संघीय निजामति ऐनमा ट्रेड यूनियन राख्नुपर्ने बताएका छन् ।

नेपाल निजामति कर्मचारी युनियन सप्तरीको नवौं जिल्ला अधिवेशनको शनिवार उद्घाटन गर्दै प्रमुख अतिथि यादवले सो कुरा बताएका हुन् ।

ट्रेड युनियनको कारण कर्मचारीतन्त्रमा विकृती आएकोले नयाँ संघीय निजामति कर्मचारी ऐनमा ट्रेड युनियन हाटाउनुपर्ने विषय अहाले बहसमा रहेकोले यसप्रति कर्मचारीहरु पनि चनाखो हुनुपर्ने धारणा राखे ।

नेपाली काँग्रेसका [redacted] समेत रहेका [redacted] बिषयमा नेपाली काँग्रेसले संस्थागत निर्णय गरेर आफ्नो धारणा बनाउने जानकारी दिए ।

कार्यक्रमका विशिष्ठ अतिथि प्रमुख जिल्ला अधिकारी भोला दाहालले सेवा लिन आउने नागरिकलाई सन्तुष्ट पार्न कर्मचारीहरुलाई आग्रह गरे । ‘सेवाग्राहीलाई सन्तुष्ट पार्न सकिए मात्र सरकार सफल हुन्छ’ उनले भने ।

नागरिकलाई दिनुपर्ने सुशासन सहितको सेवाबाट नागरिक सन्तुष्ट हुन सकेकै कारण निजामति कर्मचारीहरु माथि बेला बेलामा प्रश्न समेत उठ्ने गरेको बताउँदै जनतालाई सुशासन सहितको सेवा प्रदान गर्न आग्रह गरे ।

निजामति सेवा सरकारको प्रतिबिम्ब भएकाले सेवा लिन आएका सेवाग्राहीले कर्मचारीहरुले गर्ने व्यवहारबाट सरकारको मुहार हेर्न गरेको प्रति सबै कर्मचारीले लगनशीलताका साथ काम गर्नुपर्नेमा जोड दिए ।

नेपाल निजामति कर्मचारी युनियन सप्तरीका अध्यक्ष सुर्यकान्त झाको अध्यक्षतामा आयोजित कार्यक्रममा विशिष्ट अतिथि नेपाल निजामति कर्मचारी युनियनका मधेश प्रदेश अध्यथक्ष राजकुमार राउत, नेपाली काँग्रेसका सभापति रामदेव साह सहितकाले शुभकामना दिएका थिए ।

सवैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं

- शिक्षा प्रत्येक वालवालिकाको अधिकार हो यसलाई सुनिश्चित गरौं,
- सवै वालवालिकालाई विद्यालयमा पुर्याऔं,
- प्रौढ शिक्षा, अनौपचारिक शिक्षा मार्फत सवैलाई साक्षर बनाऔं,
- शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरौं,
- शिक्षामा लैङ्गिक समानता सुनिश्चित गरौं,
- प्राविधिक र व्यवसायिक शिक्षालाई जोड दिऔं,
- शिक्षामा सवैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं,
- साक्षरता कार्यक्रम सञ्चालन गरौं, साक्षर नेपाल निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### तीनै सरकारबीच समन्वय जरुरी

कुनै पनि विषयमा अहिले तीनै तहका सरकारबीच समन्वय अति आवश्यक रहेको छ। चाहे त्यो विपद्को होस् वा विकासीय कार्य सम्बन्धी सबै विषयमा तीन तहको समन्वय र सहकार्य जरुरी रहेको छ। नेपालमा हरेक वर्ष बाढी पहिरो, आगलागी, शितलहर जस्ता प्राकृतिक प्रकोपका कारण ठुलो जनधनको क्षति हुने गरेको पाईन्छ। खास गरी वर्षायाममा तराईमा डुवानको समस्या देखिने गर्दछ भने पहाडमा पहिरोको जोखिम उत्तिकै रहेको पाईन्छ।

मौसम तथा जल विज्ञान विभागले विभिन्न विपद् सम्बन्धी पूर्व जानकारी समेत दिइरहेको हुन्छ। सोही आधारमा स्थानीय सरकार तथा स्थानीय प्रशासनले बाढीसँग जुध्न तयारीका निम्ति तीनै तहका सरकारबीच आवश्यक छलफल तथा समन्वयकारी भूमिका लागि तयार हुनुपर्छ। यसरी हरेक वर्ष विभिनन विपद्का कारण गरीब विपन्नहरु मारमा पर्ने गर्दछ। उनीहरुले वर्षभरिका लागि भनेर सन्चित गरेका अन्न तथा घर समेत क्षति भएर दोहोरो मारमा पर्ने गरेका छन्।

विपद्का कारण जोखिम र क्षतिलाई न्युनिकरणका लागि पनि सहकार्य र समन्वय आवश्यक छ। तसर्थ विपद् होस वा विकासीय कार्य सबैमा तीनै तहका सरकारबीच समन्वय र सहकार्य भइरहेमा पक्कै पनि जोखिम न्युनिकरण हुन सक्छ। यसका लागि तीनै तहका सरकार गम्भिर हुनु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# इ-रिक्सा र अटोरिक्साले अनिवार्य रुपमा दर्ता गरि इजाजत लिनु पर्नेछ

**राजविराज**/सडक सुरक्षा, ट्राफिक व्यवस्थापन र दुर्घटना न्युनिकरण गर्ने उदेश्यले राजविराज नगरक्षेत्रमा संचालनमा रहेका इ-रिक्सा र अटोरिक्सालाई अनिवार्य रुपमा दर्ता गरि इजाजत लिनु पर्नेछ।

विहीवार प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा सरोकारवाला कार्यालयका प्रमुखहरुको बैठकले यस्तो निर्णय गरेको हो।

नगर क्षेत्रमा इ-रिक्सा र अटोरिक्सा मध्ये ३१ वटाले मात्र सम्बन्धित कार्यालयमा विधीवत दर्ता गराएको पाईएको छ। यातायात व्यवस्था कार्यालय सप्तरीका प्रमुख कामेश्वर रोहिताले नगरक्षेत्रमा चल्ने इ-रिक्साहरु मध्ये कसैले पनि रुट परमिट नलिएको र सय भन्दा बढी इ-रिक्सा संचालनमा रहेको जानकारी दिए।

उक्त इ-रिक्साहरु मध्ये १८ तथा अटोरिकसा १३ वटाले मात्र दर्ता गराएको उनले जानकारी गराए। यस्तै ७९ वटा अटोरिक्साले रुट परमिट लिए पनि त्यसको दोब्बर संख्यमा अटोरिक्सा संचालनमा रहेको उनले जानकारी गराए।

यसरी जथाभावी ढंगले इ-रिक्सा र अटोरिक्सा संचालन हुदा ट्राफिक व्यवस्थापन अस्तब्यस्त बन्नुका साथै दुर्घट्नाको जोखिम समेत बढाएको उनको कथन छ।

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीन, प्रमुख प्रशाकिय अधिकृत डा.श्रवण साह, ट्राफिक प्रहरी प्रमुख, इ-रिक्सा र अटो रिक्साका सवारी धनी, मजदुर प्रतिनिधी सम्मिलत बैठकले नगरपालिका भित्र संचालनमा रहेका सबै इ-रिक्सा र अटो रिक्साले फागुन २० गते भित्र अनिवार्यरुपमा सम्बन्धित कार्यालयमा आ-आफ्नो सवारी दर्ता, रुट परमिट, नविकरण र विमा लगायतका प्रक्रिया पुरा नगरे त्यस्ता सवारी साधनलाई संचालनमा पुर्ण रोक लगाउने निर्णय गरेको छ।

# ठगी धन्दामा संलग्न रहेको आरोपमा थप एक महिला पक्राउ

**राजविराज**/सर्वसाधारणसँग रकम लिएर दोब्बर पारिदिने भन्दै ठगी धन्दामा संलग्न रहेको आरोपमा प्रहरीले थप एक महिलालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सुनसरीको इनरुवा नगरपालिका ३ निवासी ३६ वर्षिया समिना खातुन छिन। उनलाई ठगी तथा अपराधिक विश्वासघात कसुर मुद्दामा अनुसन्धानका लागी सुनसरीस्थित उनले संचालन गरिरहेको होटलबाट पक्राउ गरेको हो।



पक्राउ परेकी खातुनलाई सोमवारै सप्तरी जिल्ला अदालतबाट म्याद थपेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए।

प्रहरीले यस अघि उक्त गिरोहका मुख्य नाइकै भनिएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ का हनुमानी भन्ने राम बहादुर रजकलाई गत पुष ७ गते पक्राउ गरेको थियो।

प्रहरीले सोही प्रकरणमा अनुसन्धानका लागी ७ दिन अघि पत्रकार बैद्यनाथ यादवलाई पनि नियन्त्रणमा लिएको थियो।

# दाईको हत्या गर्ने भाई २० वर्षपछी पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले २० वर्ष पछि भाईलाई निर्घात कुटपीट गरि हत्या गरेर फरार रहेका दाईलाई पक्राउ गर्न सफल भएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको टोलीले मंगलवार साँझ सप्तरीको महादेवा गाउँपालिका २ निवासी ६० वर्षिय गणेशी रजकलाई विशेष सुराकीको आधारमा पक्राउ गरेको हो।

उनीमाथि आफ्नै भाइ उमेश रजकलाई कुटेरै हत्या गरेको आरोप छ। प्रहरीका अनुसार २०६१ साल माघ १ गते दाजु/भाईबीच भएको झै झगडाका क्रममा दाई गणेशीले भाई उमेशलाई निर्घात कुटपिट गरेका थिए। घटनाको भोली पल्ट उपचार कै क्रममा उमेसको मृत्यु भएको थियो। घटना पछी गणेशी फरार भएका थिए। हत्याको लामो समय बितिसकेको र प्रहरीले पनि खासै चासो नराखेको अनुमान सहित केही समय यता गणेशी खुला रुपले जीवनयापन गरिरहेका थिए। तर सो बारे जानकारी पाउन साथ प्रहरीले सप्तरी जिल्ला अदालतबाट पक्राउ पुर्जी अनुमती लिई गाउँबाटै उनलाई नियन्त्रणमा लिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले बताए।

बुधवार नै सप्तरी जिल्ला अदालतबाट कर्तव्य ज्यान मुदामा ७ दिनको म्याद लिएर थप अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# डाका मुद्दाका फरार अभियुक्त पाँच वर्षपछी पक्राउ



**राजविराज**/पाँच वर्षदेखी फरार रहेका डाँका मुद्दाका एक अभियुक्तलाई प्रहरीले सोमबार पक्राउ गरेको छ।

राजविराज वडा नं. ४ स्थित एक घरमा २०७६ साल माघ १० गते भएको डाँका घटनामा संलग्न रही फरार भएका राजविराज ६ निवासी आफताव भन्ने अलताफ शेखलाई प्रहरीले घर टोल मै लुकि बसेको अवस्थामा पक्राउ गरेको हो।

उक्त मुद्दामा सप्तरी जिल्ला अदालतले शेखलाई दोषी ठहर गर्दै ३ महिना कैद र १० हजार रुपैया जरिवाना तोकेको थियो।

घटना लगतै उनी फरार रहेको र सोमवार नै उनलाई अदालत उपस्थित गराइएको प्रहरीले जनाएको छ।

*तीन महिनाको ...*

परिमाणको गाँजा बरामद भएको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरी शनिबार बिहान पत्रकार सम्मेलनको आयोजना गरि उक्त गाजा सार्वजनिक गरेको हो।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाका अनुसार गाजा भारततर्फ तस्करी गर्ने उद्देश्यले दुई वटा स्कारपियो गाडी प्रयोग गरिएको तथा एउटा गाडी प्रहरी टोलीलाई देख्ने बित्तिकै भागेको जानकारी दिए।

उनले गाजा बरामद भएको गाडीको सबै सीटहरु हटाइएर पाइउको तथा त्यहा गाजा लोड गरिएको जानकारी दिँदै दुबै स्कारपियोका चालक फरार भएको बताए।

मौवहा मल्हनिया प्रहरी चौकीका प्रमुख प्रहरी सहायक निरीक्षक हेमन्त तामाङ नेतृत्वको टोलीले उक्त परिमाणको गाजा बरामद गरेका थिए।

यसअघि गत पुस २७ गते पनि बलान बिहुल गाउँपालिका १ कमलदाहाबाट ६ सय ७० किला तथा मंसिर ४ गते जिल्लाको राजगढ गाउँपालिका ४ बेल्ही चपेनाबाट टिपर र चालकसहित एक हजार सात सय १७ किलो गाँजा बरामद भएको थियो।

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता
सप्तकोशी नगरपालिका, सप्तरी

# नेपाल चिकित्सा शिक्षा आयोगको परीक्षामा पारदर्शिताको अभाव

नेपालका मेडिकल स्नातकोत्तर अध्ययन गर्न इच्छुक विद्यार्थीले नेपाल चिकित्सा शिक्षा आयोगविरुद्ध सर्वोच्च अदालतमा न्यायिक लडाइँ थालेका छन् । चिकित्सा शिक्षा आयोगले चिकित्सा स्नातकोत्तर प्रवेश परीक्षाका लागि तयारी गरिरहेको भए पनि परीक्षाअघि नै कुल सिट संख्या तथा विषयगत विवरण सार्वजनिक नगरेको भन्दै विद्यार्थी असन्तुष्ट भएका हुन् । उनीहरूले चिकित्सा शिक्षा आयोगको यस प्रकारको गैरपारदर्शी नीति विद्यार्थीमाथिको गम्भीर अन्याय भएको दाबी समेत गरेका छन् ।



चिकित्सा शिक्षा आयोगले चिकित्सा स्नातकोत्तर प्रवेश परीक्षाका लागि तयारी गरिरहेको भए पनि परीक्षाअघि नै कुल सिट संख्या तथा विषयगत विवरण सार्वजनिक नगरेको भन्दै विद्यार्थी असन्तुष्ट भएका हुन् ।

डा. सन्देश लम्साल

**परीक्षा स्थगन स्टे अर्डरको माग**

विद्यार्थीले सर्वोच्च अदालतसमक्ष परीक्षा स्थगनको मागसहित माघ २१ गते चिकित्सा शिक्षा आयोगविरुद्ध मुद्दा दायर गरेका थिए । सो मुद्दाको पहिलो सुनुवाइ भने माघ २२ गते भएको थियो, जसमा कारण देखाउ आदेश र छलफलको अन्तरिम आदेश दिएको थियो । चिकित्सा शिक्षा आयोगले परीक्षा अघि नै कुल सिट संख्या र विषयगत सिट संख्या सार्वजनिक नगरेर संविधान, कानुन र विद्यार्थीको अधिकारको उल्लंघन गरेको छ भन्ने विद्यार्थीको भनाइ छ ।

**पारदर्शिताको अभावले सिर्जना भएको अन्योल**

हाम्रो संविधानको धारा ३० र ३१ ले हरेक नागरिकलाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । यसैगरी नेपाल चिकित्सा शिक्षा ऐन, २०७५ ले परीक्षामा पारदर्शिता कायम गर्नु अनिवार्य बनाएको छ । तर, चिकित्सा शिक्षा आयोगले यी कानुनी दायित्वको अवहेलना गरेको प्रस्ट देखिएको छ । शनिबार परीक्षा सञ्चालन गर्न लागिएको अवस्थामा पनि चिकित्सा शिक्षा आयोगले सिट संख्या र विषय विवरण सार्वजनिक नगर्दा विद्यार्थी अन्योलमा परेका छन् । कतिपय विद्यार्थीले आफूले चाहेको विषयमा सिट छ कि छैन भन्ने थाहा नपाई फारम भर्ने निर्णय लिन नसकेका कारण परीक्षा प्रक्रियाबाटै वञ्चित भएका छन् ।

विद्यार्थीको प्रश्न छ– सिट संख्या नतोकिएका कारण के परीक्षा पास गरेपछि मात्र परीक्षार्थीले आफूले चाहेको विषयमा सिट छ कि छैन भन्ने थाहा पाउनुपर्ने हो ? के मेडिकल शिक्षाको प्रवेश परीक्षा अब चिठ्ठा प्रणालीमा आधारित हुन लागेको हो ?

सरकारी स्नातकोत्तर सिट संख्या झन्डै ५०० मात्र छ । यसैमा लोकसेवा आयोगको आरक्षण पनि समावेश हुने भएकाले खुला प्रतिस्पर्धाका विद्यार्थीका लागि सिट संख्या झनै कम हुने अवस्था छ । त्यसैले आरक्षणपछि बाँकी रहेका खुला सिटहरूको जानकारी परीक्षाअघि नै दिनुपर्ने माग विद्यार्थीको छ । चिकित्सा शिक्षा आयोगले सिट संख्या सार्वजनिक नगरी परीक्षा सञ्चालन गरेर विद्यार्थीसामु अन्योलको अवस्था सिर्जना गरेको भने प्रस्ट देखिन्छ ।

विद्यार्थीले चिकित्सा शिक्षा आयोगमाथि कानुनी प्रावधानहरूको उल्लंघन गरेको आरोप लगाएका छन् । उनीहरूले लोकसेवा आयोग ऐन–२०५९, आफ्नै कार्यविधि र नेपाल सरकारको परीक्षा सञ्चालन ऐनको उदाहरण दिँदै कुनै पनि परीक्षाअघि नै सिट संख्या तोक्नुपर्ने कानुनी दायित्वलाई चिकित्सा शिक्षा आयोगले बेवास्ता गरेको दाबी गरेका छन् ।

विद्यार्थीले यस्तो प्रक्रियालाई 'मानसिक यातना' भएको दाबी गर्दै अदालतसँग न्यायको गुहार गरेका हुन् ।

विद्यार्थीको शंका छ– के चिकित्सा शिक्षा आयोगले फारम शुल्क संकलन गरेर राजस्व मात्र जुटाउन खोजिरहेको हो ? प्राइभेट मेडिकल कलेजसँग सिटको समन्वयन गर्न नसकी प्राइभेट शिक्षण संस्थाहरूमा सिट नभएको घोषणा परीक्षापछि मात्र गर्ने रणनीति पो बनाइएको हो कि ?

**न्यायालय समक्षको माग**

विद्यार्थीले न्यायालयसमक्ष पाँचवटा मुख्य माग प्रस्तुत गरेका छन् ।

१) तुरुन्तै कुल सिट संख्या र विषयगत विवरण सार्वजनिक गर्न आदेश दिनु ।

२) सिट संख्या र विवरण सार्वजनिक नभएको हुनाले फारम भर्न अन्योलमा परेका विद्यार्थीलाई पुनः फारम भर्ने अवसर उपलब्ध गराउनु ।

३) सिट संख्या र विवरण सार्वजनिक नभएसम्म परीक्षा स्थगन गरिनु ।

४) भविष्यमा पनि यस्ता परीक्षा सञ्चालन गर्नका लागि पारदर्शिता सुनिश्चित गर्न यस मुद्दालाई कानुनी नजिरको रूपमा व्यवस्था गर्न आदेश दिनु ।

५) विद्यार्थीको हित संरक्षणका लागि र चिकित्सा शिक्षा आयोगको मनोमानी कदम रोक्न 'स्टे अर्डर' जारी गर्नु ।

चिकित्सा शिक्षा आयोगको हालको कार्यशैलीले विद्यार्थीमा गम्भीर असन्तुष्टि उत्पन्न गराएको छ । उनीहरूले सर्वोच्च अदालतबाट आफ्नो पक्षमा छिटै निर्णय नआए नेपालजस्तो कानुनी राज्यमा पनि अन्यायको सिकार हुने बताएका छन् ।

विद्यार्थी भन्छन्, 'हाम्रो भविष्य अन्योलमा पारी हामीलाई परीक्षा दिन बाध्य पारिएको छ । यो प्रक्रिया आफैँमा सरासर गलत र अन्यायपूर्ण हो ।'

नेपाल चिकित्सा शिक्षा आयोगको परीक्षा प्रक्रियामा पारदर्शिताको अभावले हजारौं विद्यार्थीको भविष्य अन्योलमा परेको छ । समयमै 'स्टे अर्डर' जारी नगरिए, परीक्षापछि विद्यार्थीको भविष्यमा समेत गम्भीर प्रभाव पर्नेछ ।

विद्यार्थीले भनेझैं आफ्नो इच्छा अनुरूप आफूले पढ्न चाहेको विषय आफूले पढ्न रुचि भएको शैक्षिक संस्थामा उपलब्ध भएको वा नभएको परीक्षा पास गरिसकेपछि मात्र थाहा हुनु चिकित्सा शिक्षालाई नै नयाँ प्रयोगशाला बनाउनु हो । सर्वोच्च अदालतले यस मामिलामा तुरुन्त कदम चाल्नुपर्छ र चिकित्सा शिक्षा आयोगलाई पारदर्शिताका लागि बाध्य पार्नुपर्छ । रातोपाटीबाट

# लोकतन्त्र-गणतन्त्र 'मेरो गोरुको बाह्रै टक्का' होइन

**रमेशकेशरी वैद्य**

हेर्दा-हेर्दा मुलुकमा लोकतन्त्र, गणतन्त्र आएको पनि पाँच दशक हुन लागिसक्यो। तर मानिसलाई यसको पूर्ण आभास भएन । एक हिसाबले यस अवधिमा केही विकास त भयो, साथै मानिसको लाइफ स्टाइल अलि फरक भयो, जुन भनिराख्नुपर्ने कुरा होइन। तर भात, दाल, तरकारी खाँदा नुन-मसलाको कमीजस्तो मानिसले अनुभव गरे ।

अर्को कुरा, औसतमा मानिसले लुगा लगाउँदा के नमिले-नमिलेजस्तो आभास गरिराखेका छन् । यसबाहेक औसतमा मानिसले दालभात, तरकारी सस्तोमा खान नपाउनु, एउटा सवारीसाधन किन्दा भारतको भन्दा पाँच दोब्बर मूल्यमा पैसा तिरी किन्नुपर्ने हुनु, रोजगारको लागि विदेशमा नचाहेरै जानुपर्ने बाध्यता हुनु, सरकार ठूलो हुनुको कारण कसिएको जुत्तालाई नचाहेर दुखे पनि मानिसले प्रयोग गर्नुपर्ने हुनुजस्ता कुराले गर्दा मानिसले उकुसमुकुसको जीवन अनुभव गर्नुपरेको छ ।

यसको खास कारण सानो देश भए तापनि ठूलो सरकारलाई सेट गर्नुपर्ने, व्यक्तिगत धनी हुनुपर्नेजस्ता कुरा हुन् । यसले गर्दा लोकतन्त्र आए पनि देशको लागि घाँडो भएको अनुभूति भएको छ र घाँटीमा अड्केको मासुजस्तो भएको छ । यसलाई चाहेर पनि निकाल्न सकिराखेको छैन, न सरकारले, न त बुद्धिजीवीले, न त समाजले । आ-आफ्ना ठाउँमा सबै लोभी, स्वार्थी, दुष्टजस्तो भइराखेका छन् । अब यस्तो समस्यालाई बदलेर देशको मुहार फेर्ने हो भने सबै पक्ष बदलिनुपर्छ, नत्र भने मुलुक सधैँ यस्तै हो, जसको कष्ट हाम्रा आउने पुस्ताले भोग्ने हुन्, जुन सबैले सोच्नु आजको जरुरी कुरा हो ।

देश अहिले पनि गफ, गाली, कलहमा अल्झिराखेको छ । यदि देशलाई साँच्चै सुधार्ने हो भने राज्यमा भएका प्रधानमन्त्री, कानुन, निकाय, समाज सबै ढिड नभई लालच, स्वार्थ, घमण्डलाई त्यागेर बदल्न जरुरी छ । अनि मात्र मुलुक राम्रो हुने हो । अहिलेको परिप्रेक्ष्यमा धेरै सरकारी कर्मचारी, भत्ता, गाडीहरु नै देशको ठूलो चुहावट हो भन्न सकिन्छ । समग्रमा भन्नुपर्दा सबभन्दा ठूलो सरकार नै सबैको लागि घाँडो बनेको छ । यसपछि भ्रष्टाचार र सहकारी समस्या पनि राज्यले कम गर्न सकिराखेको छैन । कारण एउटै कुरा रेकर्ड कोरिएसरह दोहोरिइराखेका छन् । जबकि यस्ता कुरालाई युद्धविरामजस्तै पेन्डिङमा राखेर राज्य र समाजका अरु समस्या र देश बनाउनतिर लाग्नुपर्नेजस्तो देखिन्छ, जुन हाम्रो देशमा सुस्त पाराले चलिराखेको छ । जस्तै- महँगी, रोजगार, अधुरा राजमार्ग, तुइन समस्या आदि कुरामा सबै मिली जोड गर्नुपर्छ ।

देशमा थरी-थरीका समस्या थोपरिहेका छन् । यसलाई सुधार गर्नेतर्फ प्रायः देश चलाउने निकायहरु सुस्त देखिएका छन्, जसले गर्दा मुलुक ढलजामले मानिसलाई दुःख दिएको जस्तै भइराखेको छ । देशमा विदेशी ऋण मात्र करिब २५ खर्ब पुगिसकेको छ । यो हुनुको कारण संघीयता र ठूलो सरकार पाल्न अनि केही पूर्वाधारको विकासक नै हो । हाम्रो जस्तो मुलुकमा न यत्रो सरकारी कर्मचारीको काम छ, न हामीलाई विदेशीको विकाससँग प्रतिस्पर्धा गर्नुपरेको छ । तर देश चलाउनेहरु स्टनबाजीले गर्दा यस्ता कुरामा किन फसिराखेका छन् ? यस्ता कुराले सर्वसाधारणलाई अचम्म तुल्याइराखेका छन्। तैपनि यस्तो अवस्थामा देश चलाउनेहरु बदलिन चाहेनन्, जबकि राज्यले सोच्नुपर्ने कुरा भनेको नै बेरोजगारलाई रोजगारको वातावरण बनाइदिने, महँगीलाई नियन्त्रण गरेर मानिसको जीवनलाई सरलीकरण बनाइदिने हो ।

यो देशमा नाम एउटा मात्र लोकतन्त्र-गणतन्त्र छ, तर मानिसहरु ठूला सरकारहरुको हर्कतले गर्दा उकुसमुकुस भएका छन् । न त मानिसको समस्या सरकारको कानसम्म पुग्न सकिराखेको छ । उद्योग व्यवसाय, कृषि, बेरुजु रकम, अचाक्ली कर, सामानहरुको आयातमा नियन्त्रणजस्ता कुरामा सरकारहरु पङ्गु भएका छन् । यहाँसम्म कि जनताको सहकारी समस्याजस्ता कुराका लागि पनि कडा भएर सहकारी पीडितहरुलाई मद्दतसम्म गर्न सकिराखेको छैन । यस्ता देश चलाउने सरकारहरुलाई के भन्ने ? यसलाई नेपालीहरुको राम्रो दिन नआउनु र नेपालीहरुको कर्म नै खराब मान्न सकिन्छ ।

देश चलाउनेहरुले सोझा नेपालीको कमजोरीको फाइदा उठाई लोकतन्त्र-गणतन्त्रलाई 'मेरो गोरुको बाह्रै टक्का' सम्झनुहुँदैन । किनकि गलत कर्मको गलत नै इन्तिजाम हुनेछ । नेपाली जनताले अब खाली पर्खने र हेर्ने मात्र बाँकी छ । स्मरण रहोस्, दिन एकनासको हुँदैन । समग्रमा भन्नुपर्दा अब देशलाई कसरी विदेशी ऋणमुक्त गर्ने, कसरी भ्रष्टाचार कम गर्ने, राष्ट्रधनलाई कसरी बचाउने, कसरी सरकारी कर्मचारी एवं सवारीसाधनहरु कम गर्ने ? कसरी युवापुस्तालाई विदेश जानबाट रोक्ने ? राज्य यसमा केन्द्रित हुनुपर्छ ।

आयातीत सामानमा नियन्त्रण र स्वदेशी सामानमा प्रोत्साहन दिने, बेरुजु रकममा ध्यान दिने, सुस्त व्यवसायलाई उदार नीति अपनाई करलाई कम गर्नेजस्ता कुरामा राज्य गम्भीर हुनु जरुरी छ, नकि जथाभावी कुरा गरेर अल्झिराख्ने हो । हुन त देशमा विकास नभएको पनि होइन, तैपनि राम्रा कुरामा विकास हुन सकेन। यसमा सबै पक्ष दोषी छन् । सरकारी निकाय, व्यवसायी, मानिसहरु पनि अल्छी, असन्तोषी, स्वार्थी, लोभी, चाकडीबाज र अल्लड छन् । यस्तो बेलामा राज्य नै कडा भएर राम्रो भिजन अपनाई अघि बढ्नुपर्छ, नत्र भने सर्वसाधारण जनताले कसको मुख ताक्ने ? न्यूज अफ नेपालबाट

# प्रहरीमाथि निजामती प्रशासन किन हाबी हुनु ?

**शिवजी श्रेष्ठ**

नेपालमा प्रजातन्त्र वा गणतन्त्रसँगै नागरिक सर्वोच्चताको प्रसंग चलिरहेको छ । यसको मतलब राज्य सञ्चालनमा नागरिकको सम्प्रभुता रहनुपर्छ भन्ने हो । यसो हुनु स्वाभाविक र समयसापेक्ष पनि हो ।

प्रजातन्त्रमा राज्य सञ्चालनसहित राज्यका सबै क्षेत्रमा नागरिकको पहुँच र निगरानी हुनु नै नागरिक सर्वोच्चता हो ।

निर्वाचित जनप्रतिनिधिले चलाउने निकाय होस् वा लोक सेवा आयोगबाट छानिएका कर्मचारीले चलाउने निकाय, सबैमा नागरिक सर्वोच्चता अपेक्षित र आवश्यक हुन्छ ।

नेपालमा पनि प्रजातन्त्रको यही मर्म र तथ्य मनन गरेर नागरिकको प्रत्यक्ष पहुँच र निगरानी बढाउने कुरा हुने गरेको छ । यसैअनुसार संघीयतामा स्वास्थ्य, शिक्षा लगायतका कतिपय निकाय प्रदेश स्तरीय वा स्थानीय जनप्रतिनिधिको प्रत्यक्ष नियन्त्रण वा मातहत राख्ने व्यवस्था छ ।

प्रदेश मातहत प्रहरी पनि हुने भनिएको छ । यस सन्दर्भमा संघीय सरकार र प्रदेश सरकारका बीच बहस चलिरहेको छ । सायद फौजी संगठनमा आआफ्नो प्रभाव रहोस् भन्ने सबै चाहन्छन् । यसै कारणले होला, कर्मचारी र अन्य निकाय समायोजन हुँदा पनि प्रहरी समायोजन हुन सकेको छैन । प्रदेश मातहत प्रहरी छैन ।

प्रहरी वा फौजी संगठनमाथि नागरिक सर्वोच्चता भनेको सिभिल (नागरिक) पोसाक लगाउने कर्मचारीको सर्वोच्चता होइन । जननिर्वाचित प्रतिनिधिले बनाएको कानुनमार्फत नागरिकको सर्वोच्चता हो ।

नागरिक सर्वोच्चताबारे कतिपयको बुझाइ फौजी पोसाक लगाउने सेना वा प्रहरी संगठन सिभिल पोसाक लगाउने कर्मचारीको मातहत हुनुपर्छ भन्ने छ । सरकारी कर्मचारी फौजी पोसाकमा होस् वा सिभिल पोसाकमा, ऊ सरकारी कर्मचारी नै हो । उसले नागरिकको प्रतिनिधित्व गर्दैन, सरकारको प्रतिनिधित्व गर्छ ।

सशस्त्र द्वन्द्वको समयमा नागरिक सर्वोच्चताको कुरा धेरै उठ्ने गरेको थियो । त्यस बखत स्थानीय निकाय समेत निर्वाचित जनप्रतिनिधिको अभावमा निजामती कर्मचारी वा सरकारबाट मनोनीत प्रतिनिधिले चलाएका थिए । द्वन्द्व शमनका लागि सेना परिचालन गरिएको थियो ।

हाल संघीयतासँगै तह तहमा निर्वाचित जनप्रतिनिधि छन् । यी प्रतिनिधिमार्फत नागरिक सर्वोच्चताले आफ्नो स्थान बनाउँदै गएको छ । नागरिक सर्वोच्चताले राज्यका निकायहरूमा स्वरूप बनाउँदै गरेको सन्दर्भमा नागरिक सर्वोच्चताकै नाममा जनप्रतिनिधिहरू प्रहरी संगठन आफ्नो मातहतमा ल्याउन लुछाचुँडी गर्दै छन् ।

गृह (निजामती) प्रशासन नागरिक सर्वोच्चताको नाममा प्रहरी संगठन आफ्नो अनुकूल हुने गरी प्रत्यक्ष ढंगले आफ्नै मातहत राख्न माथापच्ची गरिरहेको छ ।

नेपाल प्रहरी ऐन, २०१२ को दफा ४ मा 'प्रहरीको रेखदेख र नियन्त्रण गर्ने र प्रहरीलाई निर्देशन दिने अधिकार नेपाल सरकारलाई हुनेछ, नेपाल सरकारको आदेश र निर्देशन पालन गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ' लेखिएको छ ।

ऐनको दफा ८ मा 'जिल्ला स्तरीय प्रहरी कर्मचारीहरू शान्तिसुरक्षा र सोसम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहनेछन् । सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशन पालना गर्नु प्रहरी कर्मचारीको कर्तव्य हुनेछ । कानुन बमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नुपर्ने काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ,' लेखिएको छ ।

गृह मन्त्रालय हुँदै मन्त्रिपरिषदबाट पारित भएर संसदमा टेबल गरिएको प्रहरी ऐन सम्बन्धी विधेयक, २०८१ मा पनि सात दशकअघिकै व्यवस्था कायम राखिएको छ ।

स्थानीय शान्ति, सुरक्षा सम्बन्धी काममा प्रमुख जिल्ला अधिकारी वा जिल्ला प्रशासनको प्रत्यक्ष नियन्त्रण रहने व्यवस्थाले मात्रै नपुगेर विधेयकमा 'जिल्लाको शान्ति, सुरक्षा तथा सुव्यवस्था, अपराधको रोकथाम र नियन्त्रण सम्बन्धी कार्यका सन्दर्भमा प्रहरी कर्मचारी प्रमुख जिल्ला अधिकारीको नियन्त्रण, निर्देशन तथा सुपरिवेक्षणमा रहने' प्रावधान राखिएको छ ।

विधेयकमा भनिएको छ - जिल्लाको शान्ति, सुरक्षा तथा सुव्यवस्था, अपराधको रोकथाम र नियन्त्रणका सम्बन्धमा प्रहरी कर्मचारीलाई आदेश वा निर्देशन दिनुपर्ने भएमा प्रमुख जिल्ला अधिकारीले त्यसरी खटिएको प्रहरी प्रमुखमार्फत दिनुपर्नेछ ।

यस्तो व्यवस्थाले प्रहरीमाथि नागरिक सर्वोच्चता नभएर 'निजामती सर्वोच्चता' हुनेछ ।

अहिले टेबल गरिएको विधेयक प्रहरी महानिरीक्षककै नेतृत्वमा गठित समितिले प्रहरी संगठनमा व्यापक छलफलपछि ल्याएको भनिएको छ । गृह मन्त्रालयबाट मन्त्रिपरिषदमा पुग्दा व्यापक थपघट गरिएको भन्ने कुरा बाहिर आएको छ । यतिसम्म कि गृह मन्त्रालयका कर्मचारीहरूले विधेयकको प्रस्तावनामा 'अपराध अनुसन्धान गर्ने प्रहरीको मुख्य जिम्मेवारी हुने' विषय समेत हटाएर पेस गरेका थिए । प्रहरी संगठनको असन्तुष्टिपछि मन्त्रिपरिषदबाट यो प्रावधान थपिएको भन्ने कुरा पनि बाहिर आएको छ ।

यसबाट पनि थाहा हुन्छ कि, प्रहरीमाथि कसरी निजामतीको प्रहार भइरहेको छ !

प्रश्न उठ्छ, यस्तो कसरी र किन भइरहेको छ ? राजनीतिक तहबाट समेत यसमा किन नजरअन्दाज भइरहेको छ ?

मन्त्रालयले तयार गरेको विधेयकको मस्यौदा सम्बद्ध मन्त्रीले स्वीकृत गरेपछि मात्रै मन्त्रिपरिषदमा पेस हुने हो । हुन त मन्त्रालयदेखि मन्त्रिपरिषदसम्मको निर्णयमा निजामती कर्मचारी हाबी हुन्छन् भनिन्छ । मन्त्रीहरू आफूलाई सरोकार हुने विषयमा बाहेक विधेयकमा के के व्यवस्था छ भन्ने समेत अध्ययन गर्दैनन् । कर्मचारीहरू पनि यस्ता मन्त्रीहरूलाई गुमराहमा राख्न समर्थ हुन्छन् ।

**तीन दशकअघि एउटा घटना चर्चित भएको थियो ।**

तत्कालीन मन्त्री शैलजा आचार्यले आफू मन्त्री रहेको कृषि मन्त्रालयमा भ्रष्टाचार छ भनिन् । त्यसो भनेपछि उनले राजीनामा गरिन् । लगत्तै २०४९ सालमा 'सुकुम्बासी समस्या समाधान आयोग' बन्यो जसमा उनी अध्यक्ष थिइन् । उक्त आयोगलाई शक्तिशाली बनाउन मन्त्रिपरिषदमा आयोगका अध्यक्षलाई गृहमन्त्री, भूमि सुधारमन्त्री र वनमन्त्रीका केही अधिकार दिने गरी शैलजाले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समक्ष प्रस्ताव पेस गरिन् ।

प्रधानमन्त्रीको सहमतिमा उक्त प्रस्ताव मन्त्रिपरिषदमा पेस भयो । प्रस्ताव पारित भयो । मुख्यसचिवले सही गरेर आउँदा प्रस्ताव गरिएका अधिकारका मुख्य बुँदा हटाइएछन् ।

मन्त्रिपरिषदबाट हटाइएको कुरा शैलजाले प्रधानमन्त्रीलाई भनिछन् । प्रधानमन्त्रीले 'सुकुम्बासी समस्या समाधान आयोग' बाट आएको प्रस्ताव हुबहु पारित भएको हो भनेछन् ।

शैलजाले तत्कालीन मुख्यसचिवलाई फोन गरेर 'प्रधानमन्त्रीलाई गुमराहमा राखेर मन्त्रिपरिषद भित्र नखेल्नू' भन्दै कारबाही गराउने चेतावनी दिइछन् । अर्को दिन आयोगबाट पेस भएको प्रस्ताव हुबहु हस्ताक्षर भएर आएछ ।

मुख्य सचिवको हस्ताक्षर भएर आयोगमा पुगेको मन्त्रिपरिषदको निर्णय छिनभरमै कसरी फेरियो ? प्रश्न अनुत्तरित नै रह्यो ।

त्यसरी निजामतीको सर्वोच्च नेतृत्वले प्रधानमन्त्रीलाई छलेर निर्णय लेख्न र हस्ताक्षर गर्न सक्दो रहेछ भने निरीह प्रहरीमाथि त त्यसै पनि खेल्ने नै भयो । प्रहरी संगठनमाथि खेलेको र निजामती नियन्त्रणको नीति लिएको बारेमा प्रहरी अधिकारीहरू जानकार छन् तर उनीहरूको स्वर दबेको छ । मसिनो स्वरमा असन्तुष्टि जनाउनुबाहेक अर्को उपाय छैन ।

तल्लो तहका प्रहरीको आवाज आफ्नै संगठनको उच्च तहमा पुग्दैन । उच्च अधिकारीहरूको आवाज आफ्नै सरूवा र बढुवाको आशा र निराशामा दबेको हुन्छ । प्रहरीको सरूवा र बढुवामा पनि प्रहरी प्रमुख भन्दा गृह मन्त्रालयका अधिकारी हाबी हुने गरेका छन् ।

सात दशक अघिदेखिको प्रहरी ऐन समसामयिक बनाउन प्रहरी संगठनले धेरै प्रयास गरेको भए पनि सफल भएको छैन । वर्तमान गृहमन्त्रीले बहालीका क्रममा प्रहरी ऐन बनाउनु आफ्नो उच्च प्राथमिकतामा रहेको बताएका थिए । उनको कुराले प्रहरी अधिकारीहरू निकै खुसी भएका थिए ।

विधेयकमा वृत्ति विकासका पक्षमा केही राम्रो सुधार प्रस्तावित भए पनि समुच्च प्रहरीलाई कमजोर बनाउने र प्रहरीमाथि निजामती कर्मचारी हाबी हुने धेरै प्रावधान छन् ।

प्रहरी संगठन सशक्त बनाउँछु भन्दाभन्दै जानी वा नजानी कमजोर बनाउने खेलाडीहरूबाट गृहमन्त्री घेरिएका छन् । प्रहरी संगठन कमजोर हुने भएपछि वृत्ति विकासमा प्रस्ताव गरिएका केही राम्रा पक्ष ओझेलमा परेका छन् ।

गत दसैंको समयमा म नेपालमा थिएँ । गृहमन्त्री रमेश लेखकले मलाई आफ्नो निवासमा बोलाएर ब्रिटिस प्रहरी कसरी चल्छ भनेर जिज्ञासा राखेका थिए । ब्रिटिस प्रहरीका सबल पक्ष र नेपालले सिक्ने सक्ने कुरामा चासो देखाएका थिए ।

दुई सय वर्षअघि सन् १८२२ मा बेलायतमा रोबर्ट पिल गृहमन्त्री भएका थिए । उनले सन् १८२९ मा 'मेट्रोपोलिटन पुलिस एक्ट (ऐन)' ल्याए । त्यही ऐनले बेलायती प्रहरीमा सुधारको थालनी गरेको थियो । त्यही कारणले गृहमन्त्री रोबर्ट पिलको लोकप्रियता चुलियो । उनी प्रधानमन्त्री भए । मैले गहमन्त्री लेखकलाई यो प्रसंग सुनाएको थिएँ ।

मैले उनलाई भनें, 'पद र पदको शक्ति सदाबहार रहँदैन । पदमा रहँदा गरेको सत्कार्यको सुनाम मात्र सदाबहार हुन्छ ।'

बेलायतीहरूले दुई सय वर्षअघिका गृहमन्त्री रोबर्ट पिललाई 'इथिकल पुलिसिङ' सुरू गराएको श्रेय दिएका छन् । बेलायतमा त्यसै बेला नैतिक र व्यावहारिक प्रहरी प्रशासन सुरू भएको मानिन्छ ।

उस बखत रोबर्ट पिलले नौवटा सिद्धान्त प्रतिपादन गरेका थिए जो आज 'पिलियन प्रिन्सिपल' नामले प्रसिद्ध छ । उनका दुइटा सिद्धान्त बढी प्रसिद्ध छन् ।

एक - प्रहरीको प्रभावकारिता प्रहरीले कति धेरै अपराधी पक्राउ गऱ्यो भनेर नापिदैन, समाजमा अपराध कति कम गरायो भनेर नापिन्छ । दुई - प्रहरी पनि नागरिक हो, नागरिक पनि प्रहरी हो ।

नेपालमा 'प्रहरी भनेको बर्दीसहितको नागरिक हो, नागरिक भनेको बर्दीबिनाको प्रहरी हो' भनिन्छ । वास्तवमा यो भनाइ रोबर्ट पिलकै हो ।

त्यस बेलाका रोबर्ट पिलका भनाइ मान्ने हामी नेपाली हाम्रो प्रहरी संगठनलाई सशक्त बनाउने गरी ऐन बनाउन किन सक्दैनौं? रोबर्ट पिलले प्रहरी संगठन व्यवस्थित बनाए । प्रहरीमाथि नागरिक सर्वोच्चता कायम गराए । प्रहरीमाथि कतैबाट हस्तक्षेप नहुने कानुनी व्यवस्था गरे । 'मेट्रोपोलिटन पुलिस एक्ट' आउनुअघि बेलायतमा प्रहरीमाथि जमिनदार र कुलीन कर्मचारीतन्त्र हाबी थियो ।

नेपालको प्रहरी संगठनमा बढुवा र सरूवामा यसै पनि राजनीतिक र प्रशासनिक दबाब छ । प्रहरीको सर्वोच्च पद प्रहरी महानिरीक्षक (आइजिपी) समेत राजनीतिक र प्रशासनिक दबदबाबाट प्रभावित हुने गरेको छ ।

बेलायतमा सन् २०१२ देखि 'पुलिस एन्ड क्राइम कमिसनर' को चुनाव हुने गरेको छ । वरिष्ठ राजनीतिक नेता, पूर्वप्रहरी प्रमुख र अपराधशास्त्रका विज्ञहरू क्राइम कमिसनर पदमा निर्वाचित हुने गरेका छन् । यस विधिले प्रहरीलाई नागरिकप्रति अझ बढी जिम्मेवार बनाएको छ ।

पार्टीबाटै चुनिएर आए पनि प्रहरी संगठनमा राजनीतिक प्रभाव देखिँदैन । प्रहरीमा निजामती प्रशासनको कुनै छाया देखिँदैन । प्रहरीमाथि नागरिक सर्वोच्चताको सही प्रयोग यही हो भन्ने लाग्छ । नेपालमा यस्तो तत्काल यस्तो सम्भावना नभए पनि नयाँ ऐनमार्फत प्रहरी संगठनलाई निजामती सर्वोच्चताबाट नागरिक सर्वोच्चतातिर लैजाने कामको थालनी हुन सक्छ ।

नेपालमा फौजी पोसाकमा सजिएका नवनियुक्त आइजिपीलाई सिभिल पोसाकका गृहसचिवले दर्ज्यानी चिह्न (फुली) लगाइदिने परम्परा छ । यो परम्परा प्रहरी संगठनका लागि नसुहाउने र बिझ्ने खालको छ ।

यो परम्परा सुरू हुनुअघि निवृत्त हुने आइजिपीले नवनियुक्तलाई फुली लगाइदिने र कार्यभार हस्तान्तरण गर्ने अनि निवृत्त भई जान लागेकालाई फौजी परम्पराअनुसार बिदाइ गर्ने चलन थियो । बिदाइ समारोहमा केही बेरका लागि दुई जना आइजिपी एकसाथ देखेर प्रहरी कर्मचारीहरू रोमाञ्चित हुन्थे । त्यो परम्परा फौजी सुहाउँदो मानिन्थ्यो ।

अचानक आइजिपी नियुक्तिमा अस्वस्थ चलखेल सुरू भयो । नवनियुक्त आइजिपीलाई फुली लगाइदिने जिम्मेवारी गृह मन्त्रालयका सचिवमा सऱ्यो । यस परम्पराले गृह मन्त्रालयका अधिकारीहरूमा एक किसिमको दम्भ पैदा गरेको देखिन्छ । गृहसचिवलाई प्रहरी संगठन मेरा अन्तर्गतको हो भन्ने भ्रम पैदा भएको छ ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा एकजना पूर्वगृहसचिवलाई प्रहरीले पक्राउ गऱ्यो । त्यस सन्दर्भमा एक दिन एक जना सहायक प्रमुख जिल्ला अधिकारीले मसँग भने - प्रहरीले नचाहिँदो काम गर्न थाल्यो, आफ्नै आइजिपीलाई फुली लगाइदिने सचिवलाई समेत पक्राउ गर्ने दुस्साहस गऱ्यो ।

यो भनाइमा प्रहरी संगठनमाथि 'निजामती सर्वोच्चता' को कडा गन्ध आउँछ । निजामती प्रशासन र प्रहरी प्रशासनमा मर्यादाक्रम पनि नमिल्दो खालको छ ।

शाखा अधिकृतबाट तीन तहको बढुवामा निजामती कर्मचारी सचिव हुन्छ । शाखा अधिकृतसरहको इन्स्पेक्टर (प्रहरी निरीक्षक) सचिवसरह हुन ६ तह पार गर्नुपर्छ ।

अझ विडम्बना त के छ भने यति तह पार गरेर सचिवसरहको पदमा पुगेको आइजिपी मन्त्रालयको सचिवकै मातहत रहनुपर्ने व्यवस्था छ ।

निजामती प्रशासनको तीन तह बराबर नेपाल प्रहरीको ६ तह भएका कारणले पनि प्रहरीका समान दुई तह निजामतीका सोही तहका अधिकारीभन्दा मर्यादाक्रममा तल पर्छन् । प्रहरीमा डिएसपी र एसपी राजपत्रांकित द्वितीय श्रेणीका हुन्छन् । निजामतीतर्फ राजपत्रांकित द्वितीय श्रेणीको उपसचिव मर्यादाक्रममा डिएसपी र एसपीभन्दा माथि छ ।

यसैगरी निजामतीको सहसचिव तथा प्रहरीका एसएसपी र डिआइजी राजपत्रांकित प्रथम श्रेणीका हुन् तर मर्यादाक्रममा एसएसपी र डिआइजीभन्दा सहसचिव माथि छन् । एआइजी र आइजिपीभन्दा सचिव माथि छन् ।

मर्यादाक्रमको यस्तो व्यवस्थाले प्रहरी संगठनमा बलपूर्वक 'निजामती सर्वोच्चता' थोपरेको छ ।

प्रहरी संगठनमा निजामती सर्वोच्चता देखिने थोरै दृष्टान्त मात्र यहाँ प्रस्तुत गरिएको हो । मिलाउनु पर्ने ठाउँ धेरै छ तर मिलाउनुको साटो निजामती कर्मचारी नै हाबी हुने गरी प्रहरी ऐनको विधेयक प्रस्तुत भएको छ ।

यस्तै ऐन बन्ने हो भने नेपाल प्रहरीको चेन अफ कमान्ड र परिचालनमा गम्भीर असर पर्नेछ । प्रहरी परिचालन र नियन्त्रण पुलिसिङको आधारभूत विषय हो जसले प्रहरीभित्र चेन अफ कमान्डको आधार तयार गर्छ । प्रहरीको परिचालन विशुद्ध अड्नखटनको काम हो । यो जिम्मेवारी प्रहरी अधिकारीले मात्र कुशलतापूर्वक सम्पन्न गर्न सक्छ ।

हाल प्रस्तुत विधेयकमा संसदमा गहन छलफल हुन आवश्यक देखिएको छ । प्रहरी संगठन बलियो र जनउत्तरदायी बनाउने मौका यही हो । (लेखक शिवजी श्रेष्ठ नेपाल प्रहरीका पूर्वअधिकारी हुन् । उनी हाल ब्रिटिस प्रहरीको ह्याम्प्सायर पुलिस कन्स्टेबुलरीका सल्लाहकार छन् ।) सेतोपाटीबाट

# मत्स्य मन्त्रालयको स्थापनासहित विभिन्न माग अघि सार्दै अनिशितकालिन रिले अनशन

**राजविराज**/मत्स्य मन्त्रालयको स्थापनासहित विभिन्न माग अघि सार्दै नेपाल मलाह कल्याण संघले शुक्रबारदेखी कोशी बाँधमा अनिश्चितकालिन रिले अनसन सूरु गरेका छन ।

मलाह जातीको जातीय संगठन नेपाल मलाह कल्याण संघको अगुवाईमा कोशी बाँधमा मञ्च निर्माण गरी अनिश्चितकालिन रिले अनसन सूरु गरिएको हो ।

पहिलो दिन संघका केन्द्रिय अध्यक्ष नारायण मुखियाको नेतृत्वमा उपाध्यक्ष अशोक मुखिया, कोषाध्यक्ष माहादेव मुखिया, केन्द्रिय सदस्य दशरथ मुखिया, संघका सप्तरी जिल्ला अध्यक्ष पञ्चलाल मुखिया, झापा जिल्ला अध्यक्ष सहदेव मुखियाका साथै मलाह जातीका अगुवा भोला मुखिया, मधुकान्त मुखिया, राजेन्द्र मुखिया, बेचन मुखिया र शान्तिदेवी मुखिया लगायत ११ जना रिले अनसनमा वसेका छन ।

सरकारी स्वामित्वमा रहेका मत्स्य फारम, सीमसार र रिजर्भ्यार आदीमा मलाह जातीलाई ५० प्रतिशत आरक्षण, संघीय र प्रदेशमा मत्स्य मन्त्रालयको स्थापना, मलाह जातीका बालबालिकालाई स्नातकोत्तर सम्म निःशुल्क शिक्षा र जग्गाविहीन मलाहलाई जग्गाको व्यवस्था गरिनु पर्ने संघले प्रमुख मागका रुपमा उठाएका छन ।

यस्तै सरकारले लगाउदै आएको पोखरी, नदी, दह, खोलानाला, तालतलैया, तारघाट र नदीमा बगी आएको काठ दाउरा संकलन लगायतका ठेक्का कार्य मलाह जातीलाई मात्र दिनु पर्ने, जलसेनाको स्थापना गरी ५० प्रतिशत मलाह जातीको सेना राखिनु पर्ने लगायतका २० बुंदे माग संघले अघि सारेको छ ।

यस अघि २०६४ साल देखी २० बुंदे माग सहित पटक पटक तत्कालिन सरकारका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाएपनि आश्वासन बाहेक केही नपाइएको उनीहरुको गुनासो छ । पछिल्लो पटक पुष १८ गते प्रधानमन्त्री, गृहमन्त्री लगायतका सरोकारवाला निकायका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाएपनि माग सम्बोधनको कुनै पहल नभएकाले बाध्य भई संघर्षको बाटो रोज्नु परेको संघका केन्द्रिय अध्यक्ष नारायण मुखियको भनाई छ ।

अनिश्चितकालिन रिले अनसनबाट पनि आफुहरुको माँग उपर सुनवाई नभए दोश्रो चरणमा आन्दोलनका थप शसक्त कार्यक्रमहरु अघि बढाइने संघका सल्लाहकार भोला मुखियाले बताए। आन्दोलन कार्यक्रममा झापा देखी पर्सा सम्मका संघका पदाधीकारी र मलाह जातीका अगुवाहरुको सहभागीता रहेको संघले जनाएको छ ।

# एचपीभी खोप अभियान संचालन

**राजविराज**/ सप्तरी जिल्लामा बुधबारदेखी एचपीभी खोप अभियान संचालन भएको छ। पाठेघरको मुखको क्यान्सर बिरुद्ध उक्त खोप अभियान मुलुकभर मंगलबारदेखी संचालन भएपनि सप्तरीमा मंगलबार सरस्वती पुजाको मूर्ती सेलाउन दिन विद्यालयहरु बन्द रहेका कारण बुधबारदेखी संचालन भएको हो ।

जिल्लामा विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समुह र विद्यालयमा कक्षा ६ देखी १० सम्म अध्ययनरत ३६ हजार ७ सय १ जना किशोरीलाई लक्षित गरि उक्त अभियान संचालन गरिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख देवकान्त झाले जानकारी दिएका छन् ।

प्रमुख झाले एचपीभी खोप अभियान पहिलो चरण माघ २३ देखी ३० सम्म जिल्लाको डाक्नेश्वरी नगरपालिका, बोदेबर्साइन नगरपालिका, सुरुङ्गा नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका तथा रुपनी गाउँपालिका, छिन्नमस्ता गाउँपालिका, राजगढ गाउँपालिका र बलान विहुल गाउँपालिका संचालन हुने बताए ।

यस्तै दोश्रो चरण फागुन १ गतेबाट राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, सप्तकोशी नगरपालिका, कञ्चनरुप नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका, अग्नीसाईर कृष्णासवरण गाउँपालिका र विष्णुपुर गाउँपालिकामा संचालन हुने प्रमुख झाले जानकारी दिए ।

जनस्वास्थ्य अधिकृत जागेश्वर खडकाले जिल्लामा एचपीभी खोप अभियान संचालनका लागी ४ सय ५० खोप केन्द्र कायम गरिएको र यसमा १ हजार भन्दा बढी स्वास्थ्यकर्मी परिचालन हुने जानकारी दिए ।

# गाउँपालिकामै स्वास्थ्य प्रयोगशाला संचालनमा

**राजविराज**/सप्तरीको राजगढ गाउपालिका वडा नं. ४ बेल्हीचपेनामा स्वास्थ प्रयोगशाला संचालनमा आएको छ। उक्त स्वास्थ्य प्रयोगशालाको सोमबार गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डलले उद्घाटन गरे ।

स्वास्थ्य प्रयोगशालाको उद्घाटन गर्दै गाउँपालिका अध्यक्ष मण्डलले प्रयोगशालाबाट गाउँपालिकाका सबै जनातले स्वास्थ्य सम्बन्धी जाँच गराई लाभन्वित हुने विश्वास व्यक्त गरे ।

सस्तो मुल्यमै स्थानियवासीले विभिन्न रोगको स्वास्थ्य परिक्षण गराउन सकिने बताउँदै अध्यक्ष मण्डलले स्वास्थ्य जाँचका लागि अब गाउँपालिकाका जनतालाई सदरमुकाम राजविराज धाउनु पर्ने बाध्यता हटेको बताए ।

उनले निकट भविष्यमै गाउँपालिकाले सुविधा सम्पन्न बर्थिङ सेन्टर निर्माण गरि संचालनमा ल्याउने तयारी गरेको जानकारी समेत दिए ।

राजगढ गाउँपालिका ४ स्थित बेल्हीचपेना स्वास्थ्य चौकी भवनमा संचालनमा ल्याइएको उक्त प्रयोगशालाबाट मधेश प्रदेश सरकार र राजगढ गाउँपालिकाद्वारा संयुक्त लगानी र सहकार्यमा सस्तो मुल्यमा विभिन्न रोगको स्वास्थ्य परिक्षण गराउन पाउने भएका हुन् ।

विभिन्न ६० प्रकारका परिक्षण गरिने प्रयोगशालामा न्यूनतम २५ देखी अधिक्तम १ सय ७५ रुँपैया जाँच शुल्क सर्वसाधारणका लागि तय गरिएको गाउँपालिकाले जनाएको छ ।

# गाजा ओसारपसार गरिरहेका मोटरसाइकलसहित दुई व्यक्ति पक्राउ

**राजविराज**/प्रहरी चौकी फत्तेपुरको टोलीले प्रतिबन्धित लागुऔषध गाजा ओसारपसार गरिरहेका मोटरसाइकलसहित दुई जना व्यक्तिलाई नियन्त्रणमा लिएको छ।

प्रहरीको गस्ती टोलीले मंगलबार बदगामाबाट कंचनपुरतर्फ जाँदै गरेको मोटरसाइकललाई चेकजाच गर्दा अन्दाजी २ किलो गाँजा बरामद गरेको थियो ।

म.प्र.०१-००४प३७३८ नम्बरको मोटरसाइकललाई चेकजाच गर्दा जिल्लाको महादेवा गाउँपालिका २ निवासी २२ वर्षिय निराजन यादवको साथबाट दुई पोका गाजा बरामद गरेको प्रहरीले जनाएको छ ।

यस्तै गाजा ओसारपसारमा संलग्न रहेको आशंकामा म.प्र.२-०१-००३प१८५ नम्बरको मोटरसाइकल र चालक महादेवा १ निवासी ४३ वर्षिय बिन्दु यादवसमेतलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

नियन्त्रणमा लिएका दुबै जनालाई आवश्यक कानुनी प्रकृया अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिएका छन् ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

## अन्तर्राष्ट्रिय समाचार

# दिल्ली निर्वाचनमा विकास र सुशासनको जित : मोदी

**नयाँ दिल्ली**/भारतको राजधानी प्रान्त दिल्लीमा बुधबार विधानसभा निर्वाचन सुरु भएको छ। निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) उहाँको प्रमुख प्रतिद्वन्द्वीलाई हटाउन प्रयासरत छ।

तीन करोडभन्दा बढी जनसङ्ख्या भएको विशाल महानगर दिल्लीमा विगत एक दशकको अधिकांश समय 'करिस्मेटिक' अरविन्द केजरीवाल र उहाँको आम आदमी पार्टी (आप) को शासन रहेको छ।

निर्वाचन आयोगको प्रारम्भिक प्रवृत्तिका अनुसार भारतीय जनता पार्टीले दिल्ली विधानसभा चुनावको नतिजामा बहुमतको सिट पार गरेको छ। भाजपा अहिले ३८ सिटमा अगाडि छ भने आप २७ सिटमा अगाडि छ।

राष्ट्रिय राजधानीमा सरकार गठनका लागि बहुमतको सिट ३६ रहेको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दिल्ली प्रान्तमा विकासको जित सुरु भएको बताउनुभयो।

"यो जित विकासको हो, सुशासनको जित हो।" मतगणना अझै चलिरहेको छ, तर दिल्लीका पूर्व मुख्यमन्त्री तथा आप प्रमुख अरविन्द केजरीवाल बीजेपी उम्मेदवार प्रवेश बर्मासँग पराजित हुनुभयो। "हामी फैसला स्वीकार गर्छौं र भाजपालाई बधाई दिन्छौं," केजरीवालले एक भिडियो वक्तव्यमा बताउनुभयो।

"हामी दिल्लीको समग्र विकास सुनिश्चित गर्न र त्यहाँका बासिन्दाहरूको जीवन राम्रो बनाउन कुनै कसर छोड्नेछौं," मोदीले सामाजिक सञ्जाल पोस्टमा उल्लेख गर्नुभयो। एजेन्सी

# अलास्कामा बेपत्ता विमानको भग्नावशेष भेटियो

**सान फ्रान्सिस्को**/अमेरिकी कोस्ट गार्डले शुक्रबार दिउँसो अलास्काको पश्चिमी तटबाट हराइरहेको १० जना सवार विमानको विवरणसँग मिल्दोजुल्दो एउटा दुर्घटनाग्रस्त विमान फेला पारेको बताएको छ।

उक्त विमान पश्चिमी अलास्काको नोम सहरबाट करिब ५४ किलोमिटर दक्षिणपूर्वमा फेला परेको थियो। जहाजमा रहेका सबै १० जनाको मृत्यु भएको पुष्टि भएको अमेरिकी कोस्ट गार्डले जनाएको छ।

खराब मौसम र कम भिजिबिलिटीका बीच एक घण्टा लामो खोज अभियान पछि भग्नावशेष फेला परेको थियो। बेरिङ एयरद्वारा सञ्चालित टर्बोप्रप सेस्ना कारभान बिहीबार दिउँसो बेपत्ता भएको अलास्काको सार्वजनिक सुरक्षा विभागले जनाएको छ।

शुक्रबार स्थानीय समय अनुसार बिहान ९ बजे नोम स्वयंसेवी फायर डिपार्टमेन्टले जहाजमा रहेका सबैका परिवारलाई सूचित गरिएको बताएको छ। एजेन्सी

# झण्डै १८ हजार अफगान शरणार्थी स्वदेश फर्किए

**काबुल**/गत महिना छिमेकी पाकिस्तानबाट १८ हजार भन्दा बढी अफगान शरणार्थीहरू आफ्नो स्वदेश फर्किएका छन्।

यस वर्षको जनवरीमा कुल १८ हजार ३०० अफगान शरणार्थी स्वदेश फर्किएका छन्। ती अवैध आप्रवासीहरूमध्ये करिब एक हजार इस्लामावादबाट घर फर्काइएका रिपोर्टमा भनिएको छ।

सन् २०२३ सेप्टेम्बर १५ देखि आठ लाख २५ हजार ६०० भन्दा बढी अफगानीहरू पाकिस्तान सरकारको गैरकानूनी विदेशी स्वदेश फिर्ता योजनाको कार्यान्वयन पछि फर्केका छन्। अफगानिस्तानको कामचलाउ सरकारले विदेशमा रहेका अफगानी आप्रवासीहरूलाई स्वदेश फर्कन र युद्धग्रस्त देशको पुनर्निर्माणमा योगदान दिन आग्रह गरिरहेको छ। एजेन्सी

# विश्व खाद्य मूल्यमा गिरावट : एफएओ

**रोम**/मुख्यतया चिनी, तेल र मासुको मूल्यमा आएको कमीका कारण जनवरीमा विश्वव्यापी खाद्यान्नको मूल्य घटेको संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले जनाएको छ।

नयाँ वर्षको पहिलो मासिक प्रतिवेदनमा एफएओले आफ्नो व्यापक खाद्य मूल्य सूचकाङ्क जनवरीमा एक महिना अघिको तुलनामा १.६ प्रतिशतले घटेको जनाएको छ।

जनवरीमा पाँचमध्ये तीन उप(सूचकाङ्कमा गिरावट आएको तथ्याङ्कले देखाएको छ। यसैबीच, ब्राजिल र भारत लगायत प्रमुख चिनी उत्पादक देशहरूमा राम्रो फसलका कारण चिनीको मूल्य अक्टोबर सन् २०२२ यताकै न्यून स्तरमा ६.८ प्रतिशतले झरेको छ।

तरकारी तेलको मूल्य ५.६ प्रतिशतले घटेको एफएओले जनाएको छ। मागमा आएको गिरावटले पाम तेलको मूल्य पनि तल झरेको छ। एजेन्सी

# प्रदेशको बजेट ६ महिनामा १६ प्रतिशत खर्च

**काठमाडौँ**/चालु आर्थिक वर्षको छ महिनामा प्रदेशहरुको बजेट खर्च निराशाजनक देखिएको छ।

सरकारले सार्वजनिक गरेको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनअनुसार हालसम्म प्रदेशको बजेट खर्च वार्षिक लक्ष्यको १६ दशमलव १८ प्रतिशत मात्रै छ। कूल रू दुई खर्ब ७८ अर्ब ६९ करोड २४ लाखको बजेट ल्याएका प्रदेश सरकारले गत पुस मसान्तसम्ममा रू ४५ अर्ब नौ करोड ३८ लाख बराबर मात्रै खर्च गरेका हुन्।

मधेस प्रदेशको बजेट खर्च सबैभन्दा कमजोर देखिएको छ। चालु आवका लागि कूल रू ४३ अर्ब ८९ करोड २२ लाखको बजेट ल्याएको मधेस प्रदेशले पुस मसान्तसम्ममा रू दुई अर्ब ४६ करोड दुई लाख मात्रै खर्च गरेको छ। यो वार्षिक विनियोजनको पाँच दशमलव ६१ प्रतिशत हो। पुँजीगत शीर्षकमा रू २७ अर्ब ८९ करोड छुट्याएको मधेस प्रदेशले उक्त विनियोजनको एक प्रतिशत मात्रै खर्च गरेको छ।

सुदूरपश्चिम प्रदेशले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १४ दशमलव ८२ प्रतिशत मात्रै खर्च गरेको छ। कूल रू ३१ अर्ब ६२ करोड १९ लाखको बजेट ल्याएको सुदूरपश्चिमले पुस मसान्तसम्ममा रू चार अर्ब ६८ करोड ७० लाख खर्च गरेको छ।

त्यसैगरी कर्णाली प्रदेशले १५ दशमलव १४ प्रतिशत खर्च गरेको छ। चालु आवका लागि रू ३१ अर्ब ४१ करोडको बजेट ल्याएको कर्णालीले पुस मसान्तसम्ममा रू चार अर्ब ७५ करोड ४७ लाख खर्च गरेको छ। लुम्बिनी प्रदेशले कूल रू ३८ अर्ब ९७ करोडको वार्षिक बजेट ल्याएको थियो। लुम्बिनीले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १९ दशमलव ३६ प्रतिशत अर्थात् रू सात अर्ब ५३ करोड ६१ लाख बराबर खर्च गरेको छ।

गत पुस मसान्तसम्ममा गण्डकी प्रदेशको बजेट खर्च वार्षिक विनियोजनको १९ दशमलव ३६ प्रतिशत छ। कूल रू ३२ अर्ब ९७ करोड ८६ लाखको वार्षिक बजेट ल्याएको गण्डकी प्रदेशले पुस मसान्तसम्ममा रू छ अर्ब ३८ करोड ४७ लाख खर्च गरेको हो।

प्रदेशगत रुपमा चालु आवका लागि बागमती प्रदेशले सबैभन्दा ठूलो आकारको बजेट ल्याएको थियो। कूल रू ६४ अर्ब ५४ करोड चार लाख बराबरको वार्षिक बजेट ल्याएको बागमती प्रदेशले अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक विनियोजनको १६ दशमलव २७ प्रतिशत अर्थात् रू १० अर्ब ५० करोड २९ लाख बराबर मात्रै खर्च भएको छ।

तुलनात्मक रुपमा कोशी प्रदेशको बजेट खर्च सबैभन्दा राम्रो देखिएको छ। पुस मसान्तसम्ममा कोशी प्रदेशले २४ दशमलव ८५ प्रतिशत बजेट खर्च गरेको छ। चालु आवका लागि कोशी प्रदेशले रू ३५ अर्ब २७ करोड ९३ लाखको बजेट ल्याएकोमा रू आठ अर्ब ७६ करोड ८२ लाख बराबर खर्च गरेको छ।

मधेस र लुम्बिनीबाहेक सबै प्रदेशले चालु आवका लागि वित्तीय व्यवस्था शीर्षकमा बजेट ल्याएका थिए। तर कुनै पनि प्रदेशले यो शीर्षकको बजेट खर्च गर्न सकेका छैनन्। वित्तीय व्यवस्था शीर्षकको सबै प्रदेशको बजेट खर्च शून्य छ।

## संघीयता, लोकतन्त्र...

पोखरेल, प्रेस चौतारी नेपालका केन्द्रिय सदस्य खगेन्द्र कार्की, प्रेस युनियनका सप्तरी अध्यक्ष बिनयकुमार लाल कर्ण, समाजवादी प्रेस संगठनका केन्द्रिय सदस्य नर्मदेव यादव लगायतका बक्ताहरुले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए।

उक्त अवसरमा नेपाल पत्रकार महासंघ सप्तरी तथा मधेश प्रदेशमा निर्वाचित पदाधिकारीहरुलाई गम्छा र सम्मान पत्र प्रदान गरेर सम्मान समेत गरिएको थियो।

# ट्रेड युनियनको अध्यक्षमा सूर्यकान्त झा दोस्रो पटक

**राजविराज**/निजामति कर्मचारी युनियन सप्तरीको नयाँ कार्यसमिति चयन भएको छ। युनियनको नवौं जिल्ला अधिवेसनले नयाँ कार्यसमिति चयन गरेको हो।

युनियनको अध्यक्षमा सूर्यकान्त झा दोस्रो पटक पनि चयन भएका छन्।

उपाध्यक्ष खुलामा रामबाबुयादव, महिला उपाध्यक्षमा कमला सुवेदी र समावेशी उपाध्यक्षमा मनोज कुमार देव चयन भएका छन्।

सचिवमा दीपेन्द्र प्रसाद यादव, सह सचिवमा डम्बर कुमार खंग र कोषाध्यक्षमा बिरेन्द्र कुमार यादवलाई राखिएको छ।

पंकज कुमार यादव, रमेश यादव, शिबकुमार साह, दिपेश कुमार चौधरी, महेश प्रसाद यादव, अजर्सन यादव, रंजना अधिकारी, दीपनारायण रजक, रोबिन कुमार झा, उदयकान्त झा, निरज यादव र पशुपति चौधरीलाई सदस्यमा चयन गरिएको छ।

# प्रेस चौतारी सप्तरीको अध्यक्षमा पुनः डम्बर राई चयन

**राजविराज**/प्रेस चौतारी नेपाल सप्तरीको सम्पन्न ८ औं अधिबेशनले नयाँ कार्य समिति सर्वसम्मत रुपमा चयन गरेको छ।

डम्बर राइको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मत चयन गरिएको हो।

गठित समितिको उपाध्यक्षमा शिबप्रसाद आचार्य, महिला उपाध्यक्ष नानिमैया कटुवाल, सचिबमा कृष्णकुमार मण्डल धानुक, सहसचिवमा उत्सव आचार्य, नबिन यादव, कोषाअध्यक्षमा भुपदेब माली चयन भएका छन्।

यस्तै सदस्यहरुमा कमल कुमार मण्डल, मनोज मेहता, अनिता चौधरी र रवि शर्मा चयन भएको प्रेस चौतारी नेपाल सप्तरीका नव निर्वाचित सचिव कृष्ण कुमार मण्डल धानुकले जनाएका छन्।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

## जलवायु परिवर्तन रोक्न सक्रिय बनौं

- जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे सचेत गराऔं,
- बोटबिरुवा लगाऔं हरियाली प्रर्वधन गरौं,
- नविकरणीय उर्जाको प्रयोग गरौं,
- फोहोरमैला व्यवस्थापनमा ध्यान दिऔं,
- जलवायु परिवर्तन अनुकूलका बाली र तरकारी लगाऔं,
- पानीका स्रोतहरूको संरक्षण गरौं,
- वनजङ्गलको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्। धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं। **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**

**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*